Scanned with CamScanner

श्री

विशेष अदालत काठमाडौं

इजलास नं.१

अध्यक्ष माननीय श्री सुदर्शनदेव भट्ट

सदस्य माननीय श्री उमेश कोइराला

सदस्य माननीय श्री विदुर कोइराला

आदेश

मुद्दा नं. ०८२-CR-०१५४

नेपाल सरकार..........................................................................................................वादी

विरुद्ध

दिपक भट्ट समेत ..........................................................................................................प्रतिवादी

मुद्दाः सम्पत्ति शुद्धीकरण समेत।

यसमा अभियोगपत्रसाथ उपस्थित गराइएका प्रतिवादीहरू दिपक भट्ट र सुलभ अग्रवालको बयान कार्य सम्पन्न भई थुनछेकको प्रयोजनार्थ पेस भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूले गरेको बयानसहित मिसिल कागजात अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ता कार्यालयका विद्वान् नायव महान्यायाधिवक्ता श्री सञ्जिवराज रेग्मी, विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान् उपन्यायाधिवक्ताद्वय श्री बद्रीकुमार कार्की र श्री भिमसेन काफ्ले, सहायक न्यायाधिवक्ताहरू श्री पुजा पन्थी, श्री रत्नकेशरी महर्जन, श्री नमूना गोदार, श्री विकास वज्जारा तथा जिल्ला सरकारी वकील कार्यालय काठमाडौंका विद्वान् जिल्ला न्यायाधिवक्ता श्री गोविन्द हुमागाई, प्रतिवादी सुलभ अग्रवालको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शतिशकृष्ण खरेल, श्री लवकुमार मैनाली, श्री कृष्णप्रसाद सापकोटा, श्री रमणकुमार श्रेष्ठ र श्री सुरेन्द्रकुमार महतो, विद्वान् अधिवक्ताहरू श्री रमणकुमार कर्ण र श्री समीर शर्मा तथा प्रतिवादी दिपक भट्टको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू डा.श्री सुरेन्द्र भण्डारी, श्री टिकाराम भट्टराई, श्री परशुराम कोइराला र श्री महेश थापा, विद्वान् अधिवक्ताहरू श्री अपूर्व खतिवडा, श्री भावेश गौतम, श्री गोपालदत्त पाण्डे, श्री गणेश भट्टराई, श्री घनश्याम ढुङ्गेल र श्री लोकहरी पौडेलले गर्नुभएको बहससमेत सुनियो।

प्रतिवादीहरू उपरको आरोपदावी हेर्दा, निज प्रतिवादीहरू दीपक भट्ट र शुलभ अग्रवाल विभिन्न बीमा कम्पनीहरुका साथै हिमालयन लार्जक्याप समेतको सामुहिंक कोषको रकम दुरुपयोग गरी कृत्रिम रुपमा धितोपत्र बजारको मूल्य उतार चढाव गर्ने गराउने समेतका मनसायले आफूहरुको समूह खडा गर्ने, आपराधिक षडयन्त्र गर्ने, कोषको रकम अपचलन गर्ने, ब्रोकर नं. ५५ को खातामा रकम जम्मा गराउने समेतका कार्यहरूमा संलग्न रहेको देखिन्छ। हिमालयन लार्जक्याप फण्डका प्रमुख कार्यकारी अधिकृतले गरेको

बयानबाट ब्रोकर नं. ५५ को खातामा पठाएको रकम शुलभ अग्रवालको दवावमा पठाएको भन्ने खुलेको, विभिन्न बीमा कम्पनीहरुको TMS/Pass word समेत यी प्रतिवादी सुलभ अग्रवाल सञ्चालक रहेको कम्पनी सौर्य सिमेन्टको IP Address प्रयोग गरी चलाई शेयरको मूल्य प्रभावित गर्ने, सर्कुलर ट्रेडिङ गर्ने, नेपाल रिइन्सुरेन्सको शेयर कर्नरिङ गर्ने, सोको Floating share को आपूर्ति घटाउने, संगठित समूह खडा गर्ने, नियामकहरुलाई प्रभावमा पारी आफू अनुकूलका निर्णयहरु गरी गराई आफ्नो उद्देश्य पूरा गर्ने, नेपाल रिइन्सुरेन्सका मूल्य संवेदनशील सूचनाहरु चुहावट गरी गराई सोको आधारमा लाभ लिने समेतका कार्यहरुको नेतृत्व लिई आफ्नो आपराधिक षडयन्त्रमूलक योजना बमोजिम शेयर कारोवारमा यी दुई प्रतिवादीले समान लक्ष्य एवं उद्देश्य सहित समानरुपले कसूरजन्य कार्यमा सहभागी भई निजहरुको समूहले नेपाल रिइन्सुरेन्सको शेयर आफू समेतको समूहको नियन्त्रणमा राखी बजारमा आपूर्ति घटाई मूल्यलाई कृत्रिम रूपमा वृद्धि गरी गराई गैरकानूनी लाभ लिने मनसाय राखेको स्पष्ट रुपमा देखिएको छ।

यी प्रतिवादीहरूले वास्तविक धनी लुकाउन (Beneficial Ownership Concealment) र अवैध आयलाई वैध देखाउन जगदम्बा स्टील्स लिमिटेडबाट अल्पकालीन तथा चालु पूँजी कर्जालाई दीपक भट्टको व्यक्तिगत खातामा जग्गा बैनाको नाममा कारोवार गरी रकममान्तर गरी जगदम्बा स्टिल्स लिमिटेड र दीपक भट्टको साझा स्वार्थ रहेको हिमालयन रिईन्सुरेन्समा दीपक भट्टको लगानीको स्रोत देखाउने उद्देश्य र मनसाथ साथ कर्जाको रकम रकमान्तर गरी लगानी गरेको स्पष्ट रूपमा देखिएको र उक्त कारोवारलाई Settlement गरेको देखाउन करिव चार वर्षको अन्तरालमा जगदम्बा स्टिल्स लिमिटेडका सञ्चालकका एकासगोल परिवारका सदस्यहरूवाट विभिन्न कम्पनीहरू समेतबाट निजहरूको खातामा रकम जम्मा गरी दीपक भट्टको खातामा रकमान्तर गरी जगदम्बा स्टील्स लिमिटेडको खातामा जम्मा गर्दा जटिल वित्तीय कारोबार (Layering) गरी गराएको कारोवारहरूको प्रमूख उद्देश्य नै दीपक भट्टको खातामा पुगेको रकम निजको एकल स्वामित्वमा रहेंको इन्फिनिटी होल्डिङ्‌स मार्फत हिमालयन रि-इन्स्योरेन्सको संस्थापक सेयर खरिदमा प्रयोग गरेको रकमको स्रोत देखाउने आधार सिर्जना गर्ने उद्देश्यले गरिएको कारोबार भएको देखिन्छ।

यसरी ईन्फिनिटी होल्डिङ प्रा.लि.को एकल संचालक समेत रहेका प्रतिवादी दिपक भट्ट र हिमालयन लाइफ इन्स्योरेन्स र सौर्य सिमेन्टका अध्यक्ष समेत रहेका प्रतिवादी सुलभ अग्रवालले आफू र परिवारका अन्य सदस्यका नाममा गैरकानूनी माध्यमबाट सम्पत्ति आर्जन गरी आरोपपत्रमा उल्लेख भएबमोजिम बिभिन्न बिमा कम्पनीहरूमा संलग्नता, विभिन्न कम्पनीको धितोपत्र खरिद बिक्री कारोबारमा अनियमितता, बजारको मूल्य उतारचढाव गर्ने गराउने, घर, जग्गा एवं सवारी साधन खरिद बिक्री कारोबारमा अनियमितता, बिभिन्न बैंकमा रहेको खाता विवरणमा भएको शंकास्पद बैंकिङ कारोबार, विभिन्न व्यक्तिहरूसँगको आर्थिक सम्बन्ध, सामान्य व्यक्तिगत बैंकिङ गतिविधि भन्दा फरक प्रकृतिका, संरचित तथा स्रोत अस्पष्ट रहेको कारोबार, विदेशी विनिमय सम्बन्धी कसुरमा संलग्नता, जगदम्बा स्टिल्स लिमिटेडसँगको साझा स्वार्थको मिलेमतोमा हिमालयन रिइन्स्योरेन्स, नेपाल इन्स्योरेन्स, हिमालयन इन्भेष्टमेन्ट एवं विभिन्न डिवेञ्चरबाट प्रत्यक्ष लाभ लिएको अवस्था

लगायतका कसुरमा संलग्न रही त्यस्तो कसुरबाट सम्पत्ति आर्जन गरी उक्त सम्पत्तिको स्रोत खुलाउन नसकी बीमा ऐन विरुद्धको कसुर, बैंकिङ कसुर तथा सजाय ऐन विरूद्धको कसुर, विदेशी विनिमय ऐन विरुद्धको कसुर र धितोपत्र सम्बन्धी कसुर जस्ता सम्बद्ध कसुरमा संलग्न रही सम्पत्ति शुद्धीकरण गर्ने गराउने कार्य गरेको अवस्था हुँदा निज प्रतिवादीहरूलाई देहायबमोजिमको कसुरमा देहायबमोजिम सजाय हुन मागदावी लिई आरोपपत्र दायर भएको देखिन्छः-

देहायः

| सम्बद्ध कानून र कसुर सम्बन्धमा | सजाय मागदावी सम्बन्धी कानून सम्बन्धमा | विगो सम्बन्धमा |
|---|---|---|
| बीमा ऐनको दफा १४० को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूर | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय गरी ऐ.को दफा ३४ को उपदफा (१) र (२) बमोजिम जफत हुन समेत। | प्रतिवादी दिपक भट्टको हकमा कुल विगो रु.२६,६३,२७,७१,०५९।६८ (छब्विस अर्व त्रिसठ्ठी करोड सत्ताइस लाख एकहत्तर हजार उनन्साठी रुपैयाँ अठसठ्ठी पैसा) |
| बैंकिङ कसुर तथा सजाय ऐन,२०६४ को दफा ८ र दफा १५(२) वमोजिमको कसुर | | प्रतिवादी सुलभ अग्रवालको हकमा कुल विगो रु.२५,५९,२०,०६,१२४।३१ (पच्चिस अर्व उनन्साठी करोड वीस लाख छ हजार एक सय चौविस रुपैयाँ एकतीस पैसा) |
| सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख) र (ग) बमोजिमको कसुर | | |



CS Scanned with CamScanner

| | | |
|---|---|---|
| ऐ.ऐनको दफा ३० को उपदफा (१) | | |
| धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४(क),९५, ९६(क) र ९८ बमोजिमको कसुर | | |
| विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७ को उपदफा (१) र दफा १२ बमोजिमको कसुर (प्रतिवादी दिपक भट्टको हकमा) | विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७ को उपदफा (१) र दफा ३४ को उपदफा (१) बमोजिम सजाय हुन (प्रतिवादी दिपक भट्टको हकमा) | |

**प्रतिवादी दिपक भट्टले** अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष एवं आज यस अदालतमा उपस्थित भई बयान गर्दा, म र मेरो परिवारका सदस्य काम विशेषले विदेशमा आउने जाने गरेको हुनाले नेपाल राष्ट्र बैंकबाट सटही गरेको विदेशी मुद्रा मसँग रहन गएको हो। विदेशी मुद्रा अपचलन मवाट भएको छैन। मैले कानूनी बमोजिमबाहेक कुनै पनि कम्पनीमा लगानी गरेको छैन। बिमा कम्पनीको पासवर्ड लिई धितोपत्र कारोबार गरेको छैन। नेपाल रिइन्सुरेन्सको मूल्य संवेदनशील सूचनाहरू चुहावट गर्ने जस्ता कुनै कार्य नगरेको हुँदा सो विषयमा डिजिटल फुट प्रिन्ट जाँच गर्दा पत्ता लाग्ने कुरा हों। शेयरको मूल्य प्रभावित गर्ने, सर्कुलर ट्रेडिङ गर्ने जस्ता कार्यमा म कहीं कतै संलग्न छैन। हिमालयन रिइन्सुरेन्स लि. को संचालक समिति, लगानी समिति र व्यवस्थापनमा म संलग्न छैन। उक्त संस्थामा मेरो कम्पनी इन्फिनिटी होल्डिङ्गस प्रा.लि. समेतको प्रतिनिधित्व छैन। नेपाल धितोपत्र बोर्ड, नेपाल बिमा प्राधिकरणको प्रतिवेदनका आधारमा मेरो हकमा लगाइएको आरोपहरू झुठा छन् । म व्यापार व्यवसायमा संलग्न भएको हुनाले मेरो वार्षिक आय अन्दाजी तीस करोड रुपैयाँ हुने गरेको छ। मैले कुनै अवैध तथा गैरकानूनी आर्जनबाट सम्पत्ति प्राप्त

गरी जटिल वित्तीय कारोबार (Layering) गराएको होईन, छैन। म उपरको समग्र आरोपदावी झुट्टा हो सजाय हुनुपर्ने होइन भनी आरोपदावी अनुसारको कसुर गरेको कुरामा इन्कार रही बयान गरेको देखिन्छ।

**प्रतिवादी सुलभ अग्रवालले** अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष एवं आज यस अदालतमा उपस्थित भई बयान गर्दा, नेपाल बीमा प्राधिकरणको छानविन प्रतिवेदनमा उल्लेख भएको विषयहरू मूलतः बीमक कम्पनीहरूको लागि व्यवस्थापन, लगानी सीमा तथा ब्रोकरसँगको हिसाब किताब सम्बन्धी नियामक विषय हुन्। कुनै समूह गठन गर्ने, बीमा कम्पनी वा सामूहिक कोषको रकम दुरुपयोग गर्ने, सर्कुलर ट्रेडिङ गर्ने जस्ता कुनै गैरकानूनी कार्य गरेको छैन। मेरो परिवारमा अंशवण्डा भइसकेको छ। जगदम्बा स्टिल भाई साहिल अग्रवालले हेर्दै आएको हुँदा आ-आफ्नो हक भाग र सोबाट बढे बढाएको कम्पनि व्यवसायहरू आफू आफूले हेर्दै आएको हुँदा सो बाट मैले कुनै गैरकानूनी लाभ लिएको छैन। मेरो छोराले अंशवण्डाबाट प्राप्त गरेको शेयर र सो को बिक्री गर्दाको वखत निजले प्राप्त गरेको रकम लाभ लिएको रकम होइन। मैले कुनै पनि बिमा कम्पनीलाई कुनै रकम भृकुटी स्टक ब्रोकिङ कम्पनि प्रा.लि.मा जम्मा गर्ने निर्देशन दिएको होइन/छैन। समग्रमा आरोपपत्र झुठा हो, बिगो दावी काल्पनिक हो। मेरो परिवारका सदस्यहरूको खाताबीच भएको कारोबार पारिवारिक तथा वैधानिक आर्थिक कारोबार हुन्। अपराध लुकाउने उद्देश्यले गरिएको तह तहको कारोबार होइन। आरोपदाबी बमोजिम सजाय हुनुपर्ने होइन भनी आरोपदावी बमोजिमको समेत बेहोरामा कसुर गरेको कुरामा इन्कार रही बयान गरेको देखिन्छ।

उपर्युक्त परिप्रेक्ष्यमा **यी प्रतिवादीहरू दिपक भट्ट र सुलभ अग्रवालको** हकमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने हो? वा धरौटी वा साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने हो? भन्ने सम्वन्धमा विचार गर्दा, प्रतिवादीहरूले आरोपदावी वमोजिमको सम्पत्ति शुद्धीकरणको कसूर आफूहरूले नगरेको भनी कसूर गरेको कुरामा इन्कार रहेको अवस्था भएपनि आरोपदावीको तालिका नं.१ मा प्रतिवादीहरूले सम्पत्ति शुद्धीकरण गरेको भनी उल्लेख गरिएको विवरण, जगदम्बा स्टिल्स लि. बाट प्रतिवादी दिपक भट्ट एकल संचालक रहेको इन्फिनिटी होल्डिङ्सको नाममा रहेको सिद्धार्थ बैंकको खातामा जम्मा भएको रकम हिमालयन रिइन्सुरेन्स कम्पनी लि.को संस्थापक शेयर खरिदमा प्रयोग भएको भन्ने मिसिल संलग्न कागजहरूबाट खुल्न आएको, जगदम्बा स्टिल लि.को खाता संचालकको हैसियतमा प्रतिवादी सुलभ अग्रवालले नै चेकमा सहीछाप गरेको देखिएको, हिमालयन रिइन्सुरेन्स कम्पनी लि.बाट गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि. र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लि.लाई भृकुटी स्टक ब्रोकिङ कम्पनी लि. मार्फत् ऋणपत्र बिक्री गरेको भएपनि सो वापतको रकम लेनदेन नभएको भन्ने नेपाल धितोपत्र बोर्डको प्रतिवेदनमा उल्लेख भएको, प्रतिवादी सुलभ अग्रवाल संचालक अध्यक्ष रहेको सौर्य सिमेन्टको IP Adress प्रयोग गरी शेयर कारोबारहरू भएको भन्ने ईन्टरनेट सेवाप्रदायक वर्डलिंक प्रा.लि.को पत्रबाट देखिएको, प्रतिवादी दिपक भट्टले भृकुटी स्टक ब्रोकिङ कम्पनी लि, मार्फत् शेयर खरिद बिक्रीको कारोबार गरेको भन्ने नेपाल टेलिकमबाट प्राप्त SMS Detail बाट खुल्न आएको र जगदम्बा स्टिल लि.को बैंकबाट लिएको रकम इन्फिनिटी होल्डिङ्स हुँदै अन्य विभिन्न कम्पनीमार्फत् भृकुटी स्टक ब्रोकिङ कम्पनी लि. मा

जम्मा गराई कारोबारको विभिन्न तह सिर्जना गरेको भन्ने विभिन्न प्रतिवेदनहरूबाट देखिएको र उल्लेखित कार्यमा यी प्रतिवादीहरूको संलग्नता र भूमिका समेतका मिसिल संलग्न आधार प्रमाण समेतलाई मध्यनजर गर्दा यी प्रतिवादी दिपक भट्ट र सुलभ अग्रवालको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (ङ) को अवस्था विद्यमान रहेको देखियो।

तसर्थ, पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रस्तुत मुद्दा पुर्पक्षको लागि यी प्रतिवादीहरू दिपक भट्ट र सुलभ अग्रवाललाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (१) बमोजिम थुनुवा पूर्जी दिई सम्बन्धित कारागार कार्यालयमा पठाईदिनू। प्रतिवादी सुलभ अग्रवालको स्वास्थ्य अवस्था समेतलाई मध्यनजर गरी आवश्यकता अनुसार निजको स्वास्थ्योपचारको लागि उचित व्यवस्था गर्नू भनी सम्बन्धित कारागार कार्यालयलाई लेखी पठाउनू।

साथै, देहायको कार्य सम्पन्न गरी मुद्दाको प्रक्रिया अगाडि बढाउनू:-

क) आरोपपत्रसाथ पेश गरिएको गाडी नम्बर ०१-०३३ च १ को गाडी प्रचलित कानून बमोजिम व्यवस्थापनको लागि कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागमा पठाईदिनू।

ख) दशी स्वरुप पेश भएका मोबाइल समेतका सामानहरू यस अदालतको जिन्सीमा आम्दानी बाँध्नू।

ग) बरामद भई आएका विदेशी विनिमय अमेरिकी डलर र थाई भाट नेपाल राष्ट्र बैंकमा पठाईदिनू।

सदस्य    सदस्य    अध्यक्ष

आदेश सुनी सहीछाप गर्ने प्रतिवादी:-

प्रतिवादी दिपक भट्ट    प्रतिवादी सुलभ अग्रवाल

इति सम्वत् २०८३ साल असार ३ गते रोज ४ शुभम् .........................................।



CS Scanned with CamScanner